# पोखरा विश्वविद्यालय
# व्यवस्थापन संकाय
## स्कूल अफ विजनेश

## स्नातकोत्तर तहको छात्रवृत्तिका लागि दरखास्त आव्हान गरिएको सम्बन्धी जरुरी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७२।११।०४

पोखरा विश्वविद्यालय, व्यवस्थापन संकाय अन्तर्गत स्कूल अफ विजनेश स्नातकोत्तर तह (MBA) मा छात्रवृत्तिको लागि खुला प्रतिस्पर्धाबाट उम्मेदवार छनौट गर्नुपर्ने भएकोले आवश्यक योग्यता पुगेका आवदेकबाट दरखास्त आव्हान गरिएको छ । छात्रवृत्तिको लागि प्राप्त हुने सिट संख्या मध्ये ४० प्रतिशत दलित, जनजाति, दुर्गम क्षेत्र, अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते तथा पीडितका लागि सुरक्षित गरिएको छ । महिलाहरुको लागि खुला र आरक्षण दुवै प्रकारको छात्रवृत्तिमा ५० प्रतिशत सिट आरक्षण गरिएको छ ।

**१. छात्रवृत्तिको प्रकारः**

क) खुला छात्रवृत्ति

ख) लेखनाथ छात्रवृत्ति

ग) दलित छात्रवृत्ति

घ) जनजाति छात्रवृत्ति

ङ) दुर्गम छात्रवृत्ति

च) अपाङ्ग, शहिद तथा जनआन्दोलन घाइते पिडित छात्रवृत्ति

छ) शिक्षक कर्मचारी सन्तति छात्रवृत्ति

ज) मधेशी समुदाय छात्रवृत्ति ।

**२. छात्रवृत्ति उपलब्ध हुने कार्यक्रमः** पोखरा विश्वविद्यालय, व्यवस्थापन संकाय अन्तर्गत स्कूल अफ विजनेश

**३. कुल सिट संख्याः** ६

**४. उम्मेदवार हुनको लागि आवश्यक न्यूनतम योग्यताः** देहायको योग्यता पुगेको व्यक्तिले मात्र छात्रवृत्तिको लागि आवेदन दिन सक्नेछ ।

(क) नेपाली नागरिक

(ख) सार्वजनिक विद्यालयमा अध्ययन गरी एस. एल. सी. पास गरेको

(ग) कम्तिमा दोश्रो श्रेणीमा स्नातक तह उत्तीर्ण गरेको

(घ) स्नातक तह उत्तिर्ण भएको मितिले २ वर्ष भन्दा अवधि ननाघेका (सन् २०१३ वा सो भन्दा पछि स्नातक तह उत्तिर्ण ।

(ङ) दुर्गम क्षेत्र आरक्षण अन्तर्गत आरक्षण सिटको लागि दरखास्त दिने उम्मेदवारहरुले **अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला** जिल्लामा दुर्गम भनी तोकिएका जिल्ला र गाऊ विकास समितिमा जन्मी सार्वजनिक विद्यालयमा अध्ययन गरी प्रवेशिका परीक्षा उत्तिर्ण गरेको हुनुपर्नेछ ।

(च) शिक्षक कर्मचारीका सन्तति छात्रवृत्तिका लागि छात्रवृत्तिसम्बन्धी नियमावली, २०६५ बमोजिम हुनेछ ।

५. **उम्मेदवारले पेश गर्नु पर्ने आवश्यक कागजातहरुः** उम्मेदवारहरुले दरखास्त साथ देहायका कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछः

(क) नागरिकताको प्रमाणित प्रतिलिपि,

(ख) एस.एल.सी वा सो सरहको परीक्षा, प्रमाणपत्र तह वा दश जोड दुई परीक्षा र स्नातक तहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) विदेशी विश्वविद्यालयबाट अध्ययन सम्पन्न गरेका उमेदवारको लागि त्रि.वि. पाठ्यक्रम विकास केन्द्रबाट जारी गरेको समकक्षताको प्रमाण पेश गर्नुपर्नेछ ।

६. प्रतिलिपी पेश गर्नु पर्ने आवश्यक कागजातको हकमा नोटरी पब्लिकबाट प्रमाणित कागजातलाई पनि मान्यता दिइनेछ ।

७. माथि उल्लेखित कागजात अतिरिक्त लेखनाथ छात्रवृत्तिको लागि दरखास्त दिने उम्मेदवारहरुले लेखनाथ नगरपालिकाको बासिन्दा भएको व्यहोरा खुल्ने गरी नगरपालीकाको सिफारिश, दलित छात्रवृत्तिको लागि राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको, जनजाति छात्रवृत्तिको लागि जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको, दुर्गम छात्रवृत्तिको लागि सम्बन्धित गाउं विकास समितिको, अपाङ्ग भएमा राष्ट्रिय अपाङ्ग संघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको, जन आन्दोलनको घाइते वा निजको सन्ततिको र शहिद परिवारका छोराछोरीको हकमा नेपाल सरकार, गृहमन्त्रालयको, मधेशी छात्रबृत्तिको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसको सक्कलै कागजात सहित पेश गर्नुपर्ने छ ।

८. छात्रवृत्ति विपन्न वर्गमा लक्षित भएकोले सबै प्रकारको छात्रवृत्तिको लागि तोकिए अनुसार सम्बन्धित गाऊ विकास समिति वा नगरपालिकाको नीज विपन्न वर्गको हो भन्ने व्यहोरा सिफारिशको सक्कलै पेश गर्नु पर्नेछ ।

९. उम्मेदवारले अध्ययन गरेको विद्यालय सरकारी विद्यालय हो भनी सम्बन्धित गाऊ विकास समिति/नगरपालिका वा सम्बन्धीत जिल्ला शिक्षा कार्यालयबाट प्रमाणित गरिएको कागजातको सक्कलै पेश गर्नुपर्नेछ । कागजातको व्यहोरा पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धी नियमावलीमा उल्लेख गरिएको छ ।

१०. **दरखास्त फाराम पाउने र बुझाउने स्थान:** पोखरा विश्वविद्यालय, व्यवस्थापन संकाय अन्तर्गत स्कूल अफ विजिनेशको कार्यालय । सम्बन्धीत शाखाबाट कागजातहरु रुजू गराईसके पछि मात्र आवेदन शुल्क बैंक खातामा जम्मा गर्नु पर्नेछ ।

११. **दरखास्त फाराम पाउने र बुझाउने समय:** बिहान ६.३० बजे देखि ५:०० बजेसम्म ।

**१२. परीक्षा** तथा **दरखास्त दस्तुर:** रु.१०००।- ( एक हजार मात्र) को भौचर कामना बिकास बैंक, ढुंगेपाटन स्थित व्यवस्थापन संकायको खातामा जम्मा गरी सोको सक्कलै सहित दरखास्त पेश गर्नु पर्नेछ ।

१३. **फाराम बितरण शरु हुने मिति:** २०७२।११।०४ गते

**१४. दरखास्त दिने अन्तिम मिति:** २०७२।११।२७ गते

**१५. परीक्षा हुने मिति र समय:** २०७२।११।२८ गते, दिनको १.०० बजे

**१६. परीक्षाको लागि प्रवेश पत्र वितरण : दरखास्त बुझाएको बखत नै वितरण हुनेछ ।**

**१७.परीक्षाको किसिम र भाषा:** वस्तुगत तथा अंग्रजी भाषा । क) अंग्रेजी भाषा सम्बन्धी ज्ञान - ४० अङ्क (ख) क्वान्टीटेटिभ् एबिलिटी -४० अङ्क (ग) लजीकल रिजनिङ्ग - **३५** अङ्क र (घ) जनरल अवेरनेस - **३५** अङ्क गरी कुल १५० पूणाङ्कको परीक्षा दिनु पर्नेछ ।

**१८.लिखित परीक्षाको समय** : तीन घण्टा ।

१९. **परीक्षा केन्द्र:** स्कूल अफ विजिनेशको भवन, खुदी, ढुङ्गेपाटन, लेखनाथ ।

सफल उम्मेदवारले भर्ना हुनको लागि माइग्रेशन सर्टिफिकेट अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

अन्य जानकारीको लागि पोखरा विश्वविद्यालयको वेभसाइट *www.pu.edu.np* हेर्नुहोला ।


स्कूल अफ विजनेश, ढुङ्गेपाटन, लेखनाथ -१२, कास्की ।

Tel: +977-61-561547, Fax: +977-61-561696